# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# अनलाईन प्रविधिबाट गरिने कक्षा संचालन सम्बन्धि निर्देशिका २०७७

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को कारण विपद तथा आपतकालिन अवस्थामा अनलाईन प्रविधिबाट यस विशेष परिस्थिति वा यस्तै समान प्रकृतिका विशेष राष्ट्रिय विपत्तिको परिस्थितिमा शिक्षण, प्रशिक्षण, विद्यार्थी सहयोग तथा तथा परामर्श कार्य संचालन गर्नाका लागि कृषि तथा वन विज्ञान विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावलि २०६९ को नियम ६६ को उप नियम (ल), नियम ७५ र नियम १८४ बमोजिम अनलाईन प्रविधिबाट गरिने कक्षा संचालन सम्बन्धि निर्देशिका २०७७ तयार गरि लागु गरिएको छ।

**I. कक्षा संचालनको पूर्व तयारीको चरण-**

क) कक्षा संचालन गर्ने हरेक संकाय तथा कलेजहरुले ७ दिन भित्रमा हाल विभिन्न तह र सेमेस्टर अन्तर्गत विभिन्न विषयहरुमा अध्ययन /अध्यापनमा संलग्न हुने विद्यार्थी र शिक्षकहरुको अनलाईन शिक्षणका लागि आवश्यक श्रोतसँगको पहुँच बारेमा आधारभूत वस्तुपरक अवस्थाको तथ्यांक संकलन गर्ने।

ख) कक्षा संचालनमा संलग्न जनशक्ति (शिक्षक/कर्मचारी) र विद्यार्थीहरुको लागि Online teaching/learning (Mass training about online tools) बारेमा सम्बन्धित निकायले **अनलाईन सिकाई परिचालन एवं अनुगमन इकाई**को सहयोगमा आवश्यक तालिम प्रदान गर्ने ।

ग) सम्बन्धित संकाय प्रमुखको नियन्त्रण र निर्देशनमा रहने गरि शिक्षक प्रतिनिधि एवं विज्ञहरु सहभागी रहेको बढीमा ५ सदस्यीय **अनलाईन सिकाई इकाई (e-learning unit)** को स्थापना गर्ने गराउने।

घ) वि वि केन्द्रीय कार्यालयले सम्बन्धित संकाय/कलेजलाई आवश्यक पर्ने प्राविधिक विज्ञ सेवा उपलब्ध गराउने तथा अनलाईन कक्षा बारेमा अनुगमन कार्य गर्नका लागि रजिस्ट्रारको संयोजकत्वमा बढीमा ५ सदस्यीय **अनलाईन सिकाई परिचालन एवं अनुगमन इकाई बनाउने**।

**II. कक्षा संचालनको चरण-**

क) संकाय र कलेजहरुले देशव्यापी लकडाउन पश्चात लिएका अनलाईन कक्षाहरुलाई नियमित कक्षा सरह पाठ्यभारमा गणना समेत गरि मान्यता प्रदान गरिनेछ।

ख) अनलाईन कक्षालाई प्रभावकारी बनाउन, सहायता पुर्याउन एवं सम्बन्धित विषयगत शिक्षकहरुलाई सहयोग गर्न आवश्यकताको आधारमा प्रत्येक कक्षामा अघिल्लो सत्रांतमा प्राप्त नतिजाको (प्रथम सत्रांतको हकमा प्रवेश परीक्षामा प्राप्त कुल अंकको) आधारमा सम्पर्क विद्यार्थी (Focal student) छनौट गरि व्यवस्था गर्न सकिनेछ।

ग) अध्ययनरत विद्यार्थीहरुको लागि अनलाईन कक्षा तालिका (Class Schedule) एवं विद्यार्थी जानकारी सिट (Student Information Sheet) अनलाईन सिकाई इकाईले (e-learning unit) अग्रिम रुपमा तयार गर्नुपर्नेछ।

घ) सम्बन्धित विषय शिक्षकले अनलाईन कक्षा/ सेसनको संचालन (Host) गर्नुका साथै हरेक session को recording गर्नुपर्नेछ। साथै कुनै जायज कारणले नियमित कक्षामा उपस्थित हुन नसकेका विद्यार्थीहरुलाई कक्षाको रेकर्ड लगायतका अन्य शैक्षिक सामग्री सम्बन्धित शिक्षकले उपलब्ध गराउन सक्नेछ।

ङ) शिक्षकहरुले आफुलाई सहज हुने अनलाईन प्लेटफर्म जस्तै- Google G-Suite को Classroom/Meet, Microsoft TEAMS, ZOOM वा आफुलाई सहज हुने अन्य प्रयोग गर्न/ गराउन सक्नेछन्।

च) सम्पूर्ण विद्यार्थीहरुको हाजिरी सम्बन्धित शिक्षकले राख्नुपर्नेछ र सम्बन्धित शिक्षकहरुको हाजिरी रेकर्ड सम्बन्धित निकायको अनलाईन सिकाई इकाई (e- learning unit) द्वारा तोकिएका कर्मचारीले राख्नुपर्नेछ । यसरी राखिएको हाजिरीका आधारमा विश्वविद्यालयको नियमानुसार पारिश्रमिक उपलब्ध गराउन सकिनेछ।

छ) शिक्षकले उपलब्ध गराएको विवरणको आधारमा विद्यार्थीहरुको हाजिरी राख्न लगाउने र हाजिरी गणना गर्दा शिक्षकले कक्षा लिएको रेकर्डलाई आधार बनाउनुपर्छ । कुनै शिक्षकले लिएको कक्षा प्रविधिका कारणले रेकर्ड गर्न नसकिएको रहेछ भने त्यस्तो कक्षालाई जाची हेरी प्रमाणित गर्ने जिम्मा सम्बन्धित इकाईका प्रमुखको हुनेछ।

ज) अनलाईन शिक्षणमा काम गर्ने कर्मचारीलाई कार्यालय समयभन्दा बढी काम गराउनु परेमा सो अवधिको अतिरिक्त पारिश्रमिक सम्बन्धित अनलाईन सिकाई इकाई (e-learning unit) को सिफारिशमा उपलब्ध गराउन सकिनेछ।

झ) अनलाईन कक्षाहरुको रेकर्ड सम्बन्धित शिक्षकले सम्बन्धित सम्बन्धित निकायको अनलाईन सिकाई इकाई (e- learning unit) मा पठाउनु पर्नेछ।

ञ) आन्तरिक परिक्षा संचालन/मुल्यांकनको हकमा शिक्षकहरुले विद्यार्थीहरुलाई गृहकार्य (Home assignment / Internal assessment / Term Paper / Quiz session) प्रदान गर्नको लागि विभिन्न विद्युतीय माध्यम जस्तै Microsoft Office, Google Docs, Google Drive आदिको प्रयोग गर्न सक्नेछन्।

ट) सम्बन्धित निकाय (संकाय/ स्नातकोत्तर निर्देशनालय/ परीक्षा नियन्त्रण कार्यालय) ले आफुलाई सहज हुने अनलाईन प्लेटफर्म जस्तै Google G-Suite को Classroom/Meet, Microsoft TEAMS, ZOOM वा आफुलाई सहज हुने माध्यमको प्रयोग गरि

Undergraduate level को LEE presentation/Intern presentation र Postgraduate level को Candidacy/Progress/Credit/Thesis defense seminar हरुजस्ता परीक्षा/मुल्यांकन सम्बन्धित निकायको स्वीकृत लिई संचालन गर्न सक्नेछन् । यसरी लिईएका सेमिनारहरुको पारिश्रमिक सेमिनार रेकर्डको आधारमा विश्वविद्यालयको नियमानुसार उपलब्ध गराउन सकिनेछ ।

ठ) वि वि केन्द्रीय कार्यालय अन्तर्गतको अनलाईन सिकाई परिचालन एवं अनुगमन इकाईले सम्बन्धित निकायलाई विभिन्न शिक्षण, प्रशिक्षण, परामर्श कार्यका लागि आवश्यक पर्ने प्राविधिक सेवा परिचालनमा सहयोग तथा अनलाईन कक्षा बारेमा अनुगमन कार्य गर्नसक्नेछ ।

ड) विश्वविद्यालयमा सूचना प्रविधिलाई दीर्घकालीन रुपमा वैज्ञानिक एवं प्रभावकारी व्यवस्थापन गर्न विश्वविद्यालयको केन्द्र, संकाय र सम्बन्धित कलेजहरुमा आवश्यक प्राविधिक जनशक्ति सहितको सुबिधा सम्पन्न सूचना प्रविधि कक्ष (IT Lab) क्रमशः निर्माण गर्दै जाने ।

## III. आचारसंहिता र कारवाही सबन्धमा

### १. आचारसंहिता

कृषि तथा वन विज्ञान विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावलि २०६९ को नियम १७८ र कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावलि २०६९ को नियम ६६ मा तोकिएको आचार संहिताहरुको अतिरिक्त देहायको आचारसंहिता तत् सम्बन्धी सबै शिक्षक, कर्मचारी र विद्यार्थीहरुले पालना गर्नुपर्नेछ ।

क) सबै शिक्षक एवं विद्यार्थीहरुले नियमित रुपमा कक्षामा सहभागी हुनुपर्नेछ । उक्त अनलाईन कक्षा संचालन भएको बेलामा शोभनीय पोशाकको प्रयोग गर्नुपर्नेछ ।

ख) सबै शिक्षक, कर्मचारी र विद्यार्थीहरुले व्यक्तिको गोपनियताको हकको पालना गर्नुका साथै कुनै पनि teaching material आदि शिक्षक, कर्मचारी र विद्यार्थीहरुले फेसबुक लगायतका अरु सामाजिक सूचना माध्यममा राख्नु हुदैन ।

ग) कुनै शिक्षक, कर्मचारी र विद्यार्थीहरुले देशको प्रचलित विद्युतीय कानून उल्लंघन हुने कुनै कार्य गर्नुहुदैन ।

घ) शिक्षकहरुले कक्षा संचालन गर्दा अन्तरक्रियालाई प्रोत्साहन गर्ने तथा सुमधुर प्राज्ञिक वातावरणमा कक्षा सन्चालन गर्नुपर्नेछ ।

ङ) विद्यार्थी र शिक्षकहरुले सम्बाद गर्दा अनुशासित भई मर्यादित शब्द र वाक्यको प्रयोग गर्नुका साथै अरु कसैलाई पनि अनादर गर्नुहुदैन ।

च) यस अनलाईन कक्षासग सम्बन्धित शैक्षिक सामग्री (teaching material), audio, video इत्यादिहरुको प्रतिलिपि (Copy right) अधिकार सम्बन्धित शिक्षकमा निहित हुनेछ । सबै शिक्षक, कर्मचारी, विद्यार्थीहरुले प्रतिलिपि अधिकारको रक्षा गर्नुपर्नेछ । त्यस्तै बौद्दिक चोरी गर्ने कार्य गर्नुहुदैन ।

छ) यस विश्वविद्यालयका पूर्णकालीन शिक्षकले विश्वविद्यालय अन्तर्गतको संकाय/ आंगिक कलेज बाहेक अन्य शैक्षिक संस्थाको नियमित अनलाईन कक्षामा विश्वविद्यालयको पुर्व स्वीकृति बिना सहभागी हुनुहुदैन । तथापी आमन्त्रित विशेषज्ञको हैसियतमा कक्षा (Guest lecture) लिन पाईने व्यवस्थामा भने रोक लगाईने छैन ।

२. कारवाही सम्बन्धी व्यवस्थामा

यस विश्वविद्यालयका कुनै विद्यार्थी, शिक्षक र कर्मचारीले आचार संहिता उल्लंघन गरेमा सम्बन्धित निकायले आचार संहिताको प्रकृति, किसिम र मात्रा हेरी नियमानुसार कारवाही गर्नेछ ।